# पशुपति किरियापुत्री भवन संचालन

पशुपती स्थित चार शिवालय क्षेत्रमा सुविधा सम्पन्न 'फूलकुमारी महतो किरियापुत्री भवन' नोभेम्बर १३, २००५ देखि संचालनमा आएको छ । गैरआवसीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोको निजी खर्चमा यो किरियापुत्री भवनको निर्माण भएको हो ।

आफ्नी आमा स्वर्गीय फूलकुमारी महतोको सम्झनामा अध्यक्ष डा. महतोद्वारा निर्मित भवनको उद्घाटन उहाँका पिता समाजसेवी राम आशिष साहु सुढी महतोले आइतबार गर्नु भएको हो । उद्घाटनपछि डा. महतोले यसको चावी परिषद्लाई  हस्तान्तरण गर्नु भएको थियो । यो भवन अब परिषद्ले आफ्नो नियम अनुसार संचालन गर्ने छ ।

फूलकुमारी महतो किरियापुत्री भवन निर्माणका लागि १ करोड १ लाख ११ हजार १ सय ११ रुपैयाँ खर्च भएको छ । यो खर्च डा. महतो एक्लैले गर्नु भएको थियो । उक्त भवनमा १४ वटा आधुनिक सुविधासहितका कोठाहरु रहेका छन् । प्रत्येक कोठामा एट्याच बाथरुम, किरियापुत्रीले खाना बनाउनका लागि सानो भान्छा, स्टोर सहितको किरियापुत्री कोठा र कुरुवाका लागि छुट्टै ठाउँ रहेका छन् ।

हालसम्म पशुपति क्षेत्रमा २५ वटा किरीयापुत्री कोठा रहेका थिए । ती कोठामध्ये कुनैमा पनि एट्याच बाथरुम लगायतका  सुविधा थिएनन् । कसैसंग छोइन नहुने किरियापुत्रीले सार्वजनिक धारा वा फोहोर बागमतीमा नुहाउनु पर्ने कष्टदायक अवस्था थियो । पुराना कोठाहरुको परिसर समेत व्यवस्थीत समेत थिएन । नयाँ भवनको दुवैतिर घाम ताप्न मिल्ने, ढिकुरो उठाउन सकिने ठाउहरु र बगैंचा रहेका छन् ।

महतोले पशुपती क्षेत्रको विकासका लागि र्साेवजनीक निजी क्षेत्र साझेदारी कार्यक्रम अन्तर्गत कोषले उपलब्ध गराएको जग्गामा कोषकै डिजाइन अनुसार यो भवन निर्माण गरिदिनु भएको हो । यसका लागि गत बर्ष डा. महतो र कोषवीच समझदारी भएको थियो । भवनको साचो हस्तान्तरण गर्दै महतोले निर्धारित समयमा निर्माण पूरा भई हस्तान्तरण गर्न पाउदा आफूलाई अत्यन्त खुशी लागेको बताउनु भयो ।

'आराध्यदेव पशुपतीनाथको चार शिवालयभित्र पवित्र बागमती नदीको किनारमा आफन्तको चिरशान्तीका लागि किरिया बस्ने जस्तो पवित्र स्थान निर्माण गरेर

पशुपतिक्षेत्र विकास कोषलाई हस्तान्तरण गर्न पाउदा म अत्यन्त हर्षित छु', महतोले उक्त कार्यक्रममा भन्नुभयो ।

उहाँका अनुसार विदेशमा बस्ने नेपालीहरुलाई देशको माया, धर्म र संस्कृतीको आस्था अझ बढ्ने भएकाले कल्याणकारी परियोजनका लागि सहयोग गरेको धारणा व्यक्त गर्नु भयो । उहाले अहिलेको देशको प्रतिकूल अवस्थामा शान्ती, अमनचयन, मेलमिलाप, चौतर्फी विकासका लागि पशुपतीनाथले सबैलाई ज्ञान दिनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

पहिलो गैरआवसीय नेपाली सम्मेलनको क्रममा सन् २००३ मा विदेशमा बस्ने नेपालीहरुले देशको औद्योगिक तथा सामाजिक विकासमा लगानीका लागि प्रतिबद्धता जनाउने क्रममा पशुपतीमा किरियापुत्री भवन र देवघाटमा बृद्धाश्रम बनाउने घोषणा गर्नु भएको थियो । त्यसमध्ये बृद्धाश्रमका लागि हालै प्रक्रिया शुरु भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष विनोद वहादुर श्रेष्ठले सार्वजनिक तथा निजी क्षेत्रको साझेदारीका आधारमा पशुपति क्षेत्रको विकास गर्ने कार्यक्रम अनुसार गैरआवसीय नेपालीको लगानीमा पहिलो परियोजना सम्पन्न भएको खुशी व्यक्त गर्नु भयो । उहाँले विश्वभरका उद्यमी तथा व्यवसायीहरुमा सामाजिक उत्तरदायित्वको भावना विकास भएको जनाउँदै अरु परियोजना समेत शुरु हुने धारणा व्यक्त गर्नुभयो ।